# अनन्त यात्राको निम्ति तपाईंले के प्रबन्ध गर्नुभएको छ ?

हामी एकदुई दिनको यात्रा गर्नु छ भने, यहाँसम्म कि बेलुका घर फर्केर आउने गरी दिनभरिको यात्रा गर्नु छ भने पनि त्यसको निम्ति अवश्य पनि केही प्रबन्ध गर्दछौं । हामी झोला लिऔंला, त्यसमा अलिकति खाजा, पानीको बोत्तल, पसिना पुछ्ने रुमाल, कपाल कोर्ने काइँयो, केही रूपियाँ नगद, लौरो, एकजोर फेर्ने लुगा, दन्तमन्जन र ब्रूस, खुर्पेटो, इत्यादि राखौंला । यसको अर्थ, हामीले फर्केर आइने छोटा यात्राहरूको निम्ति पनि अवश्य केही प्रबन्ध र तयारी गर्दछौं । एउटा यस्तो यात्रा छ जसबाट हामी फर्केर आउँदैनौं तर त्यसको निम्ति प्रबन्ध गर्नमा भने पूर्णतया बेवास्ता गरिन्छ । हजुर, मृत्युपछिको अनन्त यात्रा जुन जीवनमा एकपटक मात्र तय गरिन्छ र मानव जीवनको सबै भन्दा महत्वपूर्ण यात्रा हो किनकि त्यस यात्राले कि त हामीलाई स्वर्गमा, हाम्रा सृष्टिकर्त्ताकहाँ सधैंभरि, अनन्तकालसम्म उहाँसँगै खुसीसाथ रहनको लागि पुर्‍याउँदछ कि त हामीलाई नरकमा, हाम्रा सृष्टिकर्त्तादेखि सधैंभरि, अनन्तकालसम्म अलग रहनको लागि पुर्‍याउँदछ जहाँ आगो र गन्धक कहिल्यै पनि निभ्दैन, कीरा कहिल्यै पनि मर्दैन र उत्कट पीडा कहिल्यै पनि टुट्दैन ! तर खुसीको खबर यो छ कि यो यात्राबाट माथि उल्लेखितमध्ये कुनचाहिँ ठाउँमा जाने भनी हामी रोज्न सक्दछौं र ढुक्क भएर मर्न सक्दछौं । कहाँ पुगिने होला भनेर हामी अबउसो धुकचुकमा बस्नुपर्दैन । तपाईंले त्यो यात्राको अनन्त गन्तव्यको निश्चयता पाउन सक्नुहुन्छ । अनि यो एउटा उपहारको रूपमा दिइन्छ जुन न कमाउन सकिन्छ न त त्यसको मूल्य चुकाउन नै । आउनुहोस्, हाम्रो दिमागले निर्णय गर्न सक्ने क्षणमा नै अर्थात् हामी शरीरमा नमर्दै यही अनन्त यात्राको विषयमा चर्चा गरौं जुन तपाईंको जीवनमा सबैभन्दा लाभदायी जानकारी हुन सक्दछ ।

चर्चित धर्मग्रन्थ धम्मपद (धार्मिकता/पवित्रताको मार्ग) ले १८ औं अध्यायको सुरुमा एउटा अनौठो प्रश्न राख्छः

तिमी सुकेको पातझैं सुकिगएका छौ,
मृत्युका दूतहरूले तिमीलाई पर्खिरहेका छन्,
तिमी मृत्युको ढोकैमा उभिइरहेका छौ ।
तिमीले त्यो यात्राको निम्ति के प्रबन्ध गरेका छौ ?

यो वास्तवमा एउटा भयानक प्रश्न हो ! यस्तो प्रश्न, जसको विषयमा धेरै मानिसहरू कुरा गर्न चाहँदैनन्, यद्यपि यसको बारेमा अधिकांशले कुनै न कुनै समयमा सोचविचार गरेका हुन्छन् ।

किन मानिसहरूले मृत्युको बारेमा चिन्तन गर्छन् ? यसको जवाफ बाइबलमा पाइन्छः

**परमेश्वरले मानिसलाई बितेको समय र आउने समयको चेतना दिनुभएको छ, तर सुरुदेखि अन्त्यसम्म परमेश्वरको कार्य बुझ्ने शक्ति दिनुभएको छैन ।** (उपदेशक ३:११)

तर मृत्यु त हामीले टार्न नसक्ने एउटा वास्तविकता हो, चाहे हामीलाई त्यसदेखि जतिसुकै डर किन नलागोस् !

मृत्युसम्बन्धी धेरै कुराहरूले हामीलाई त्रसित पार्दछन् ! सर्वप्रथम, हामीले जीवनबाट मृत्युमा जाने यो यात्रा कहिले सुरु गर्नुपर्ने हो भन्ने ठीक समय हामीले कहिल्यै पनि जान्न सक्दैनौं । यो एउटा कटू सत्य हो । कुनै छुट्टीको दिनको लागि योजना बनाउँदा हामीले बडो होसियारी र उत्साहका साथ त्यसो गर्दछौं । अनि त्यो दिनको प्रतीक्षा गर्दछौं । तर हामी धनी र गरिब दुवैको लागि एउटा यात्रा निश्चित गरिएको छ जुन यात्रामा हामी पूर्णरूपमा अप्रत्याशित समयमा जानुपर्दछ ! हजुर, मृत्यु तपाईं निदाउनुभएको बेलामा, बिमारीको बाटो भएर वा दुःखद् परिस्थितिहरूको माध्यमद्वारा आउन सक्दछ । मृत्युको विषयमा एकमात्र निश्चित कुराचाहिँ त्यो आउने समयको अनिश्चितता हो !

दोस्रो, मृत्युसम्बन्धी अर्को अचम्भको कुरा यो हो कि हामी त्यो यात्रामा नितान्त एक्लै जानुपर्दछ । हाम्रा प्रियजनहरूले हामीसँग जानको लागि जतिसुकै चाहना गरे तापनि तिनीहरू वेदनाको सागरमा यहीं छोडिनुपर्दछ । अनि हामी कहाँ जाँदैछौं र तिनीहरूले हामीलाई फेरि कहिल्यै देख्नेछन् कि देख्नेछैनन् भन्ने कुराको विषयमा तिनीहरू अन्जान रहन्छन् ।

तेस्रो, अझ बढी निर्दयी सत्यता यो हो कि हामी अनन्तताको अपरिचित राज्यभित्र प्रवेश गर्दछौं । हामी अति होसियारीसाथ योजना बनाउँदै, तयारी गर्दै र काम गर्दै जिएर ६०, ७०, ८० वा १०० वर्ष बाँचे तापनि हामीले अनन्तताको निम्ति भने कत्ति पनि तयारी गरेका हुँदैनौं ।

**यो अन्तिम यात्राको निम्ति तपाईंले के प्रबन्ध गर्नुभएको छ ?**

हामी सबैसँग भएको र हामी सबैलाई ठेस खुवाउने कुरा भनेको हाम्रो पापी स्वभाव हो जसले हामीलाई हाम्रा सृष्टिकर्त्ता परमेश्वरदेखि अलग पार्दछ । हामी चोर्दछौं, मार्दछौं, लुट्दछौं, छल गर्दछौं, ढाँट्दछौं र कसैले पनि थाहा नपाउने अरू धेरै खराब कामहरू गर्दछौं ।

मानवजातिमा भएको एउटा साझा बन्धन भनेको पापको बन्धन हो ।

**किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन् ।** (रोमी ३:२३)

**किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको उपहार चाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो ।** (रोमी ६:२३)

धेरै मानिसहरूले पापलाई हलुकारूपमा लिन्छन् किनभने धेरै प्रार्थना गरेर वा नैतिक वा उपकारका कामहरू गरेर पापका असरहरूलाई मेटाउन सकिन्छ भनी तिनीहरू गलतरूपमा विश्वास गर्दछन् । तर पक्कै पनि हाम्रा पापी विचारहरू, शब्दहरू र कामहरू हाम्रा असल कामहरूभन्दा बढी नै छन् !

मानिसले आविष्कार गरेको कर्मको तराजु सिद्धान्त निश्चितरूपमा त्रुटिपूर्ण छ ! के धेरै असल कामहरूले खराब कामहरू मेटाउन सक्दछन् र सृष्टिकर्त्ता परमेश्वरको सामु हामीलाई धर्मी बनाउन सक्दछन् ?

व्यभिचार, हत्या, बलात्कार, इत्यादि कुकर्मलाई मेटाउन कुनकुन सुकर्महरू गर्नुपर्दछ ? के गर्नुपर्ने हो, कति गर्नुपर्ने हो वा गरेर कहिले पुग्ने हो भनी हामीले कसरी थाहा पाउन सक्दछौं र ?

कर्मको तराजु त ‘असल महसुस’ गर्ने प्रयासबाहेक केही पनि होइन जसले हाम्रो विवेक र दोषलाई शान्त पार्ने व्यर्थ प्रयास गर्दछ ।

हामीले आफ्नै नियम बनाएर परमेश्वरसँग रस्साकस्सी गर्नु त एउटा अहङ्कारपूर्ण र व्यर्थको मानव प्रयास मात्र हो । सृष्टि गरिएको कुराले सृष्टिकर्त्तालाई अधीन गर्न खोज्नु ! कस्तो मूर्खता !

**एउटा बाटो छ, जो मानिसको दृष्टिमा ठीक देखा पर्छ, तर त्यसको अन्त्यचाहिँ मृत्युका बाटोहरू नै हुन् ।** (हितोपदेश १४:१२)

पापलाई विषसँग तुलना गर्न सकिन्छ किनभने थोरै प्राणघातक विषले पनि धेरै विषले जसरी नै मार्दछ ।

कुनै पनि मानिसले आफैले आफ्नो प्राणबाट पापको विष हटाउन सक्दैन, चाहे त्यो पाप जतिसुकै सानो किन नहोस् । त्यसको असर उही नै हुन्छः आत्मिक मृत्यु अर्थात् सृष्टिकर्त्तादेखि अनन्तताभरि अलग हुनु !

भयानक सत्यता यो हो कि कुनै पनि मानिसले आफ्नै प्रयासहरूद्वारा धार्मिकता कमाउन सक्दैन । किनकि सृष्टिकर्त्ताको नजरमा त्यो त फोहोर झुम्रोजस्तो हुन्छ । प्वालैप्वाल परेको झुम्रोले शरीर नढाके जसरी धर्मकर्मले पाप ढाक्न सक्दैन । बाइबल भन्दछः

**हामी सबै अशुद्ध मानिसहरूझैं भएका छौं र हाम्रा धर्मकर्म फोहोर लुगाजस्ता छन् । हामी पातझैं ओइलाइहाल्छौं र हाम्रा अधर्मले हामीलाई बतासले झैं उडाइहाल्नेछन् ।** (यशैया ६४:६)

त्यसैले हामी धर्मी हुनको लागि एकमात्र बिकल्प भनेको त्यो धार्मिकता परमेश्वरले हामीलाई दिनुपर्दछ वा पहिराउनुपर्दछ किनभने उहाँमात्र धर्मी हुनुहुन्छ । परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई भने प्रेम गर्नुहुन्छ । हामीले गर्न सक्ने र गर्न नसक्ने कुराहरू उहाँ जान्नुहुन्छ ।

पौडन नजान्ने मानिस नदीमा खस्यो भने उसले आफूलाई बचाउन सक्दैन तर उसलाई उद्धार गर्ने अरू कोही चाहिन्छ । उसले उद्धारकर्तासित गुहार माग्नुपर्दछ । पापी मानिस पनि यस्तै अवस्थामा, पापको दलदलमा हुन्छ जसलाई निष्पाप उद्धारकर्ताले मात्र उद्धार गर्न सक्नुहुन्छ ।

त्यसकारण परमेश्वरले अति कृपा र दया गर्नुभएको हुनाले हामीले क्षमादान र उद्धार पाउने एउटा बाटो बनाइदिनुभयो । हामीले यो जीवनमा मात्र गुहार माग्न सक्दछौं, हामीले यो जीवनमा मात्र अनन्त यात्राको निम्ति प्रबन्ध गर्न सक्दछौं । मरेपछि यस्ता योजनाहरू गर्न अति ढिलो हुनेछ ! त्यति बेला त हामीसँग निष्पक्ष, पवित्र, धर्मी सृष्टिकर्त्ता परमेश्वरको भयानक न्याय नजिकै हुन्छ ।

**मानिसहरूका निम्ति एकपल्ट मरण र त्यसपछि न्याय नियुक्त गरिएको छ । (हिब्रू ९:२७)**

अधिकांश मानिसहरू यस्तो तर्क गर्दछन्: परमेश्वर प्रेममय, कृपालु र दयालु हुनुहुन्छ, त्यसकारण उहाँले हामीलाई सजाय दिन सक्नुहुन्न ! त्यो साँचो भएको भए, हामीले नैतिक र असल जीवन जिउनुको के अर्थ भयो र ? किन हजुर ? हो, परमेश्वर त्यस्तै हुनुहुन्छ र उहाँ न्यायका पनि परमेश्वर अनि पक्षपात नगर्ने न्यायाधीश पनि हुनुहुन्छ । के परमेश्वरले पाप र दुष्टताप्रति आँखा चिम्लन सक्नुहुन्छ र ? अहँ ! त्यो त उहाँको चरित्रसँग मेल खाँदैन । परमेश्वर पवित्र हुनुहुन्छ ! यस प्रकारको तर्क त मूर्खता हो ! यो त कुनै न्यायाधीशले सर्वोच्च अदालतमा एकजना हत्यारालाई निर्दोष भेट्टाओस् भनी आशा गर्नुजत्तिकै मूर्खतापूर्ण हुन्छ जुन हत्याराले असल कर्मको जीवन जिएको, गरिबलाई दान दिएको, परोपकारी संस्थाहरूलाई चन्दा दिएको, नचोरेको, इत्यादि जस्ता लाखौं असल कर्मको आधारमा उसले रिसको आवेशमा आएर एकपटक मात्र अपराध गरेको अर्थात् हत्या गरेको दोषबाट मुक्ति पाऊँ भनी निवेदन चढाएको हुन्छ ।

उसले जीवनभरिमा गरेको एकमात्र खराब काम त्यही हत्यामात्र थियो भनी मानिलिँदा, के त्यो कुरा देशको कानुन मिच्नको निम्ति पर्याप्त हुन्छ होला ? सत्यता यो हो: त्यो न्यायाधीशलाई उक्त हत्याराप्रति दया लागे तापनि ऊ निष्पक्ष हुनुपर्दछ र उसले ठीक न्याय गर्नुपर्दछ !

हामी सबैले भोग्ने द्धविधा के अब तपाईं देख्न सक्नुहुन्छ ? एक दिन परमेश्वरको सामु उभिँदा हामीमध्ये कोही पनि पापरहित भेट्टाइनेछैन ! के हाम्रा प्राणहरू परमेश्वरको उपस्थितिदेखि टाढा अनन्तकालसम्म पीडामा पर्नुपर्ने हो त ? के यसबाट उम्कने कुनै उपाय छैन ? के हामी धर्म र अध्यात्मको छद्म भेषमा आउने सबै किसिमका दर्शनशास्त्रहरू र विचारधाराहरू आविष्कार गर्दै र पछ्याउँदै आफ्नै बाटोमा लागिरहने हो त ?

## तपाईंले अनन्त यात्राको निम्ति के प्रबन्ध गरिरहनुभएको छ त ?

तपाईंले गरिरहनुभएको प्रबन्धले तपाईंलाई परमेश्वर र स्वर्गलोकमा पुऱ्याउनेछ भन्ने कुरामा के तपाईं ढुक्क हुनुहुन्छ ? के हामी आफ्ना सृष्टिकर्त्तालाई भेट्न तयार छौं ? के हामी मृत्युको निम्ति तयार भएका छौं ? बाइबल भन्दछः

**तिमीहरूको पापले अवश्य तिमीहरूलाई फेला पार्नेछ । (गन्ती ३२:२३)**

**तिमीहरूका परमेश्वरसित भेट गर्न तिमीहरू तयार भइरहो । (आमोस ४:१२)**

**जीवित परमेश्वरका हातमा पर्नु डरलाग्दो कुरा हो । (हिब्रू १०:३१)**

यो विषयमा हामी असहाय छौं अनि कुनै पनि मानिसले आफूलाई पाप र अधार्मिकतादेखि शुद्ध पार्न सक्दैन भन्ने परमेश्वर जान्नुहुन्छ । हामीलाई बनाउनुहुने परमेश्वरलाई मात्र यो समस्या समाधान गर्ने तरिका थाहा छ ।

**कसले मलाई यस मृत्युको शरीरबाट छुटकारा देला ? हाम्रा प्रभु येशू ख्रीष्टद्वारा ! (रोमी ७:२४२५)**

एउटा अतुलनीय, बलिदानपूर्ण तरिकाले परमेश्वर येशू ख्रीष्टको व्यक्तित्वमा सशरीर हामीकहाँ आउनुभयो र हामीप्रतिको उहाँको प्रेम प्रदर्शन गर्नुभयो । हामीमाथि पर्नुपर्ने परमेश्वरको क्रोधलाई साम्य पार्न र परमेश्वरको न्याय पूरा गर्न प्रभु येशूले हाम्रो दण्ड भोगिदिनुभयो । हाम्रो तर्फबाट कसैले सजाय भोग्नुपर्दथ्यो ताकि हामीले क्षमादान पाउन सकौं र हामी मुक्त पारिन सकौं । यही सत्यताको कारणले मात्र हामीले स्वर्गलोकको प्रतिज्ञा पाउन सक्दछौं ।

**किनकि परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र जन्माइएका पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् । (यूहन्ना ३:१६)**

## मुक्ति परमेश्वरले दिनुहुने दान हो !

बाइबल भन्दछ:

**"किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ ।" (एफेसी २:८९)**

यो सबैलाई दिइन्छ, तैपनि यो प्राप्त गर्नको निम्ति तपाईंले आफूलाई पापी भनी स्वीकार गर्नुपर्दछ, आफ्ना पापहरूको पश्चात्ताप गर्नुपर्दछ र येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी आफ्नो सारा हृदयले विश्वास गर्नुपर्दछ ! उहाँलाई लुगाजसरी चाहिएको बेलामा मात्र लगाउने होइन, तर दुर्घटनाग्रस्त जहाजबाट हामफाल्दा प्यारासुटलाई कदापि फुत्कन नदिने गरी बेस्सरी समाते जसरी पक्रिराख्नुपर्दछ । उहाँसँग नै क्षमा माग्नुहोस् र तपाईंको जीवनलाई परिवर्तन गरिदिन उहाँसँग नै बिन्ती गर्नुहोस् !

**येशूले तिनलाई भन्नुभयोः "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन ।" (यूहन्ना १४:६)**

यदि तपाईं यो असल खबरलाई अर्थात् प्रभु येशू नै स्वर्ग जाने एकमात्र बाटो हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ भने हृदय फुटाएर नम्र भई परमेश्वरलाई पुकार्नुहोस् र माथि उल्लेखित परमेश्वरको दानलाई ग्रहण गर्नुहोस् ।

अनन्त यात्राको निम्ति एकमात्र प्रबन्ध भइदिनुभएको लागि उहाँलाई धन्यवाद चढाउनुहोस् । उहाँले मात्र पापको क्षमादान पाएर प्रेमी परमेश्वर र पितासँग अनन्त जीवन जिउने निश्चयता तपाईंलाई दिनुहुन्छ !

परमेश्वरको वचन बाइबल पढ्नुहोस् र अध्ययन गर्नुहोस्, प्रभु येशू ख्रीष्टलाई प्रचार गर्ने चर्चमा जानुहोस् र प्रभु येशूको बारेमा सक्रियतापूर्वक अरूलाई भन्नुहोस् जो अनन्त यात्राको निम्ति एकमात्र साँचो प्रबन्ध हुनुहुन्छ ।

तपाईंलाई थप जानकारी र मार्गदर्शन चाहिन्छ भने नहिचकिचाईकन कृपया निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहोस् । तपाईंलाई सहायता गर्न पाउँदा हामी आभारी हुनेछौं । परमेश्वरले तपाईंलाई आशिष् दिऊन् र तपाईंलाई स्वर्गमा स्वागत छ !

**प्रोजेक्ट जगेर्ना**
**जी.पी.ओ. ८९७५, ई.पी.सी. ९८७**
**काठमाण्डौ, नेपाल**
**फोनः ९८४१४५६८७३**
**इमेलः** projectjagerna@gmail.com